त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelor of Mathematical Science विषय चौथो वर्ष आठौं शत्र २०७८ समूहको मौका (Make Up) परीक्षाको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अनुसार संचालन हुने चार वर्षे स्नातक तह Bachelor of Mathematical Science विषय **चौथो वर्ष आठौं शत्र २०७८ समूहको नियमित परीक्षा दिई दुई विषय सम्म अनुत्तिर्ण हुने विद्यार्थीहरुको मौका (Make Up)** परीक्षाको परीक्षा आवेदन फाराम २०८२ साल माघ ३ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित गणित विज्ञान स्कूलले फारामहरु रुजु गरी मिति २०८२ साल माघ ६ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. **परीक्षार्थीको हाजिरी आन्तरिक मूल्यांकन र विषयगत संख्या बारे :**

- आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि पठाउनु पर्नेछ ।
- आन्तरिक मूल्यांकन अनुत्तीर्ण विषयको परीक्षा फाराम नभराउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वत: रद्द हुनेछ ।
- परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या ( Subjectwise-data) परीक्षा आबेदन फाराम साथ पठाउनु पर्नेछ ।

२.**परीक्षा शुल्क :**

क) प्रति शत्र परीक्षा शुल्क आंशिक २,०००।-

३. **विलम्व शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. २,०००।-

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित गणित विज्ञान स्कूलले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंक लि.को चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००01 मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

५. **परीक्षा केन्द्र :पछि तोकिने छ ।**

**द्रष्टव्य :**

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* नियम विपरित परीक्षार्थीले परीक्षा आवेदन फाराम भरी परीक्षा दिएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द भएमा वा ट्रान्सक्रृप्ट लिनबाट बन्चित भएमा परीक्षार्थी स्वयम् वा केन्द्रीय विभाग/क्याम्पस/कलेजहरु नै जिम्मेवार हुनेछन् ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।
* परीक्षार्थीले मौका परीक्षाको परीक्षा आवेदन फाराम भर्दा लब्धांक पत्रको फोटोकपी फारम साथै अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

सहायक डीन

मिति : २०८२।०९।१९